प्राधिकरणको मिति २०७७०६।२३ गतेको बैठकको निर्णय नं. ४४१६ बाट स्वीकृत

# दूरसञ्चार सेवा प्रदायकले संकलन गरेको ग्राहकको फर्म लगायतका कागजात धुल्याउने विनियमावली, २०७७

प्राधिकरणबाट अनुमतिपत्र प्राप्त सेवा प्रदायकले ग्राहक बनाउँदा ग्राहकको परिचय खुल्ने गरी नागरिकता, राहदानी लगायतका कागजातका प्रतिलिपि सहित विवरण भर्न लगाउने र उक्त विवरण सहित का फर्महरु डिजिटल रुपमा रुपान्तरण गरे पश्चात ग्राहकका उक्त विवरणहरु धुल्याउन आवश्यक भएकोले दूरसञ्चार ऐन, २०५३ को दफा ६२ ले दिएको अधिकार प्रयोग गरी नेपाल दूरसञ्चार प्राधिकरणले यो विनियमावली बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस नाम विनियमावली "दूरसञ्चार सेवा प्रदायक ले संकलन गरे को ग्राहकको फर्म लगायतका कागजात धुल्याउने विनियमावली , २०७७" रहेको छ ।

(२) या विनियमावली तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियमावलीमा,

(क) "ऐन" भन्नाले दूरसञ्चार ऐन, २०५३ सम्झनु पर्छ ।

(ख) "कागजात धुल्याउने" भन्नाले ग्राहकका पुराना विवरण सहितको फर्म र संलग्न विवरण रहेका कागजातमा लेखिएको व्यहोरा पढ्दा , बुझ्दा वा त्यसको कुनै उपयोग गर्न नसकिने गरी रद्द गर्ने, मेशिनबाट टुक्राटुक्रा पारी नष्ट गर्ने कार्यलाई सम्झनु पर्छ र सो शव्दले त्यस्तो कागजातलाई आगोमा डढाउने कार्य समेतलाई जनाउंछ ।

(ग) "ग्राहक" भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिले उपलव्ध गराएको दूरसञ्चार सेवा ग्रहण गर्ने व्यक्ति सम्झनु पर्छ ।

(घ) "डिजिटल" भन्नाले विद्युतीय स्वरुपको कुनै माध्यम बाट सृजना गरी सम्प्रेषण गरिएका, प्राप्त गरिएका, जम्मा गरिएका तथ्यांक अभिलेखलाई विद्युतीय माध्यममा राख्ने अभिलेख सम्झनु पर्छ ।

(ङ) "प्राधिकरण" भन्नाले दूरसञ्चार ऐन , २०५३ को दफा ३ अन्तर्गत स्थापना भएको नेपाल दूरसञ्चार प्राधिकरण सम्झनु पर्छ ।

(च) "फर्म" भन्नाले मोवाईलको सिम प्राप्त गर्न वा अन्य कुनै इन्ट रनेट सुविधा लिन ग्राहकबाट भरिएको फर्म सम्झनु पर्छ ।

(छ) "सिम" भन्नाले मोवाईल सेट वा यस्तै किसिमको उपकरणमा जडान गरी स्वर र डाटाको माध्यम बाट दूरसञ्चार सेवा प्रदायक कम्पनीले विक्री वा वितरण गरेको कार्ड वा चिप्स सम्झनु पर्छ ।

(ज) "सेवा प्रदायक " भन्नाले प्राधिकरण बाट अनुमतिपत्र प्राप्त संस्था वा व्यक्ति सम्झनु पर्छ ।

३. <u>**विनियमावलीको कार्यक्षेत्र :**</u> यो विनियमावली दूरसञ्चार सेवा उपभोग गर्ने ग्राहकको फर्म सहितको विवरण धुल्याउने प्रयोजनको लागि मात्र हुनेछ ।

४. <u>**कागजात धुल्याउने कार्यविधि**</u> :(१) विभागीय प्रमुख वा कार्यालय प्रमुखले आफ्नो विभाग वा कार्यालयमा रहेका कार्यालय संग सम्वन्धित कागजातहरु यस विनियमावली बमोजिम देहायका रीत पुऱ्याई धुल्याउनु पर्नेछ ।

(क) कागजात धुल्याउने दिन निश्चित गरी कुन मितिदेखि कुन मितिसम्मको र कुन विषयको कागजात धुल्याईने हो, सो सबै व्यहोरा स्पष्ट देखिने गरी धुल्याउने कागजातहरुको अभिलेख/लगत खडा गर्नु पर्नेछ ।

(ख) धुल्याउने दिन धुल्याउन खडा गरिएको डिजिटल प्रति अनुसार कागजात छछैन, ती कागजात धुल्याउन सकिने हो होईन , यकिन गरी रजिष्टरमा सम्बन्धित प्रतिनिधिका सदस्यहरुले दस्तखत गरेर धुल्याउनु पर्नेछ ।

(ग) कागजात धुल्याउने काम सकिएपछि धुल्याईएका कागजातहरुको रजिष्टर प्रमाणित गरी सुरक्षित राख्नु पर्नेछ ।

(२) प्राधिकरणले सेवा प्रदायकलाई कागजात धुल्याउन देहाय बमोजिम निर्देशन दिन सक्नेछ ।

(क) धुल्याउने कागजातको अभिलेख धुल्याउनु अगावै तालुक निकायले निर्धारित ढाँचामा का गजातको विषय र छोटकरी व्यहोरा लेखी कम्पनीको प्रमुखसंग दस्तखत गराई अभिलेख राख्न,

(ख) धुल्याउने दिन धुल्याउन खडा गरिएको कागजात डिजिटल प्रति अनुसार कागजात ठीक छ/छैन ती कागजात धुल्याउन सकिने हो/होईन यकिन गरी रजिष्टरमा सम्बन्धित प्रतिनिधिका सदस्यहरुले दस्तखत गरेर धुल्याउन,

(ग) धुल्याई सकेका कागजातको डिजिटल प्रति माथिल्लो निकायले मागेको बखत जुनसुकै समयमा उपलव्ध गराउन सक्ने ढाँचामा राख्न,

(३) देहाय वमोजिमको कागजात धुल्याउन सकिने छ ।

(क) सिम वितरण गर्दा ग्राहकले भरेको फारम ।

(ख) ग्राहकको फोटोको प्रति ।

(ग) ग्राहकको नागरिकताको प्रतिलिपि ।

(घ) ग्राहकको राहदानीको प्रतिलिपि ।

(ङ) ग्राहकको परिचय खुल्ने अन्य कागजातको प्रतिलिपि ।

(च) ग्राहकसंग भरिएको KYC फारम ।

(छ) ग्राहकले सेवा लिदा सेवा प्रदायकवाट भराईएको अन्य कुनै फर्म आदि ।

५. <u>अभिलेख राखी धुल्याउन सकिनेः</u>(१) विनियम ४ को उप विनियम ३ अनुसारका कागजात डिजिटल माध्यममा रेकर्ड गरी सुरक्षित गरेरमात्र धुल्याउनु पर्नेछ ।

(२) नेपाल सरकार लगायत सम्वन्धित निकायले धुल्या इएको कागजातको विवरण मागेको खण्डमा प्राधिकरणको सिफारिसमा उपलव्ध गराउनु पर्नेछ ।

(३) विनियम ४ बमोजिमका कागजात धुल्याउदा वातावरण प्रदुषण समेतलाई विचार गरी गर्नु पर्नेछ ।

६. <u>विनियमावलीको व्याख्या र कार्यान्वयनः</u> (१) कागजात धुल्याउदा यस विनियमावलीमा उल्लिखित विषयमा विनियमावली बमोजिम हुनेछ ।

(२) विनियमावलीमा उल्लेख गरिएका विषयका सम्बन्धमा कुनै द्विविधा उत्पन्न भएमा प्राधिकरणवाट भएका व्याख्या अन्तिम हुनेछ ।

(३) यस विनियमावलीमा उल्लेख गरिएका विषय वाहेक अन्य व्यवस्थाहरू प्रचलित कानून बमोजिम हुनेछ ।